नेपाल सरकार
गृह मन्त्रालय
# सशस्त्र प्रहरी बल, नेपाल नं.१८ गुल्म हे.क्वा. दोलखा

## जिन्सी सामानहरुको लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

सुचना नं. १

प्रथम पटक प्रकाशित मिति २०८१।०५।१९ गते ।

श्री सशस्त्र प्रहरी बल, नेपाल नं.१८ गुल्म हे.क्वा. दोलखामा रहेका तपसिल बमोजिमका पुराना जिन्सी सामानहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं | जिन्सी सामानहरुको बिवरण | न्यूनतम जम्मा मूल्य रु. (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | ईलेक्ट्रोनिक सामानहरु, ब्याट्रीहरु तथा अन्य पुराना जिन्सी सामानहरु | रु. १२५३३ (बाह्र हजार पाँचसय तेत्तिस रुपैया मात्र) | रु. १००० | |

१) बोलपत्र फाराम सशस्त्र प्रहरी बल, नेपाल नं.१८ गुल्म हे.क्वा., दोलखाबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिन (मिति २०८१।०५।२५ गते) को कार्यालय समय भित्र बोलपत्र फाराममा तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिनेछ।

२) बोलपत्र फाराम सुचना प्रकाशित भएको ८ औं दिन को १२:०० बजे भित्र दर्ता गराई सक्नु पर्नेछ। रितपुर्वक दर्ता भएका बोलपत्र फारामहरु मिति २०८१।०५।२६ गते दिनको १४:०० बजे खोलिने छ।

३) ईच्छुक बोलपत्र दाताले मिति २०८१।०५।२५ गते कार्यालय समय भित्र फिर्ता नहुने गरी रु १००० (एक हजार रुपैया मात्र) रकम नेपाल बैंक लिमिटेड शाखा कार्यालय चरिकोट स्थित यस सशस्त्र प्रहरी बल, नेपाल नं.१८ गुल्म हे.क्वा दोलखाको राजश्व खाता नं. ००१०१००००००००१००१००१ कार्यालयको कोड नं ३१४०५२३०१ राजश्व शीर्षक नं १४२२९ मा बुझाई सक्कल राजश्व दाखिला भौचर तथा नगदै बोलपत्रदाताको फर्म दर्ता प्रमाण पत्र वा ईच्छुक व्यक्ति भएमा नागरिताको प्रमाण पत्रको पमाणित प्रतिलिपिहरु संलग्न राखि बोलपत्र फारम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ।

४) बोलपत्र फाराम बिक्री, दाखिला र खोलिने दिन कारणवश सार्वजनिक विदा पर्न गएमा बिदा पछाडीको कार्यालय खुलेको दिन सोहि समयमा गरिने छ।

५) बोलपत्र दाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई कोष तथा लेखा नियन्त्रक कार्यालय, दोलखा, नेपाल बैंक लिमिटेड शाखा कार्यालय दोलखाको धरौटी खाता नं. १३००१०००००२००३००००१ मा नगदै दाखिला गरी सोको सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ।

६) स्वीकृत बोलपत्र दाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको – ७ (सात) दिन भित्र आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी जिन्सी सामानहरु उठाई लैजानु पर्नेछ।

७) बोलपत्र दाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम कारबाही गरिने छ ।

८) उल्लेखित जिन्सी सामानहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र यस गुल्ममा आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं.९८५१२७२५३७ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ ।यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको **Web Site:-** मा समेत राखिएको छ ।

फाराम नं..............

फाराम दस्तुर रु.१०००।-

नेपाल सरकार

गृह मन्त्रालय

सशस्त्र प्रहरी बल, नेपाल नं.१८ गुल्म हे.क्वा. दोलखा

आर्थिक प्रशासन शाखा

## लिलाम बिक्री सम्बन्धी बोलपत्र फाराम

| सि.नं. | जिन्सी मालसामानहरुको बिवरण | न्यूनतम जम्मा मूल्य रु (मु.अ.कर बाहेक) | कबोल रकम रु (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | ईलेक्ट्रोनिक सामानहरु, ब्याट्रीहरु तथा अन्य पुराना जिन्सी सामानहरु आदी | रु. १२५३३ (बाह्र हजार पाँचसय तेत्तिस रुपैया मात्र) | | |

जम्मा कबोल रकम अक्षरमा:-...................................................................................................

दस्तखत:-

बोलपत्र पेश गर्नेको नाम:-

ब्यक्ति, फर्म, संस्था वा कम्पनीको नाम:-

फर्म, संस्था वा कम्पनीको छाप:-

ठेगाना :-

सम्पर्क नं.:-

ईमेल ठेगाना :-

**बोलपत्रका शर्तहरु**

१. बोलपत्र फारम खरिद गर्न ईच्छुक बोलपत्र दाताले प्रथम पटक सुचना प्रकाशित भएको मितिले ७ औ दिन (मिति २०८१।०५।२५ गते) को कार्यालय समय भित्र बोलपत्र फारम दस्तुर रु. १००० (एक हजार मात्र) फिर्ता नहुने गरी नगदै तिरी श्री सशस्त्र प्रहरी बल, नेपाल नं.१८ गुल्म हे.क्वा. दोलखाबाट बोलपत्र फारम खरिद गर्न सकिने छ ।

२. सिलबन्दी बोलपत्र दाखिला गर्न ईच्छुक बोलपत्र दाताहरुले प्रथम पटक सुचना प्रकाशित भएको मितिले ८ औ दिन (मिति २०८१।०५।२६ गते) को १२:०० बजे भित्र श्री सशस्त्र प्रहरी बल, नेपाल नं.१८ गुल्म हे.क्वा. दोलखामा बोलपत्र फारम दाखिला गरिसक्नु पर्नेछ ।

३. श्री जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रतिनिधि, ईच्छुक बोलपत्र दाता तथा निजका प्रतिनिधिहरुको रोहवरमा नियमानुसार दर्ता भएका सिलबन्दी बोलपत्र फारमहरु बोलपत्र खोलुवा समिति समक्ष प्रथम पटक सुचना प्रकाशित भएको मितिले ८ औ दिन (मिति २०८१।०५।२६ गते) को १४:०० बजे श्री सशस्त्र प्रहरी बल, नेपाल नं.१८ गुल्म हे.क्वा. दोलखामा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएपनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।बोलपत्र फारम बिक्रि, दाखिला र खोलिने दिन कारणवस सार्वजनिक बिदा पर्न गएमा बिदाको लगतै पछिको कार्यालय खुलेको पहिलो दिन सोहि समयमा गरिने छ ।

४. लिलाम बिक्री सम्बन्धी कारवाही आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ तथा नियमावली २०७७ मा भएको व्यवस्था बमोजिम हुनेछ ।

५. बोलपत्र दाताले बोलपत्र फारममा आफुले कबोल गरेको कुल रकमको १० प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल, नेपाल नं.१८ गुल्म हे.क्वा. दोलखाको कार्यालय कोर्ड नं. ३१४०५२३०१ को कोष तथा लेखा नियन्त्रक कार्यालय, दोलखा नेपाल बैंक लिमिटेड शाखा कार्यालय चरिकोट धरौटी खाता नं १३००१००००२००३००००१ मा नगदै दाखिला गरी सोको सक्कल भौचर र कम्तिमा ९० दिन मान्य अवधिको कुनै नेपाल बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथा पेश गर्नुपर्नेछ ।

६. बोलपत्रदाताले स्पष्ट रुपमा प्रोप्राइटर कारोवार गर्ने मुख्य व्यक्ति, कारोवार गर्ने मुख्य स्थल वा पसल,फोन नम्बर आदि सबै कुराको जानकारी उपलब्ध गराउनु पर्नेछ ।

७. बोलपत्रदाताले बोलपत्र फाराम भर्दा राम्ररी अध्ययन गरी सच्याइएको ठाँउमा र प्रत्येक पानामा आफुले हस्ताक्षर गरी आफ्नो फर्मको छाप समेत लगाउनु पर्नेछ ।

८. कार्यालयको लिलाम बिक्रीका लागी छनौट भएको व्यक्ति वा फर्मको सुचना प्रकाशन गरेपछि सो प्रक्रियामा चित्त नबुझेका बोलपत्र दाताले ७ दिन भित्र कार्यालय प्रमुख समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

९. लिलाम बिक्रीको लागी पेश भएको बोलपत्र स्वीकार गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहेको हुन्छ ।

१०. लिलाम बिक्री सम्झौता सम्बन्धी विवाद देखिएमा कार्यालय र बोलपत्रदाता बीच बार्ताद्धारा समाधान गरिनेछ ।

११. लिलाम बिक्रि गरिने पुराना जिन्सी मालसामानहरुको नियम अनुसार लाग्ने करहरु बाहेक जम्मा न्युनतम् मुल्य रु १२५३३।– (बाह्र हजार पाँचसय तेत्तिस रुपैया मात्र) कायम गरिएको छ ।बोलपत्रदाताले यसै रकमलाई न्युनतम रकम मानी बोलकबोल गर्नुपर्दछ ।

१२. बोलपत्र फाराममा उल्लेख भए अनुसारका लिलाम बिक्री गरिने जिन्सी मालसामानहरु बोलपत्र पेश गर्नु अगावै हेरी वोलपत्र फाराम पेश गर्नु पर्दछ ।

१३. पेश गरेको बोलपत्रको मान्य अवधि ६० दिनको हुनेछ । पेश हुन आएका बोलपत्र मुल्याङ्कन उक्त अबधि भित्र गरी सम्झौताको लागी छनौट गरिनेछ ।

१४. बोलपत्रदाताले सम्झौतामा उल्लेखित अवधि भित्र सम्पूर्ण पुराना जिन्सी मालसामानहरु उठाई लैजानु पर्नेछ ।

१५. बोलपत्र फारममा कबोल गरेको अंक रकम (मु.अ. कर बाहेक) उल्लेख गर्दा अंक र अक्षरमा प्रष्ट रुपमा भर्नु पर्नेछ । उल्लेखित अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ ।

१६. लिलाम बिक्रीको सम्झौता बमोजिमको रकम एकमुष्ट कार्यालयले तोकेको बैङ्कमा जम्मा गरी सोको भौचर पेश गर्नु पर्नेछ ।

१७. लिलाम बिक्रीवाट सकार गरेको पुराना जिन्सी मालसामानहरु जे-जस्तो अवस्थामा छ।सोही अवस्थामा उठाई लैजानु पर्नेछ ।

१८. लिलाम बिक्रि गरिएको पुराना जिन्सी मालसामानहरु ढुवानी गरी एक ठाँउवाट अर्को ठाँउमा लैजादा लाग्ने सम्पूर्ण खर्च (कर समेत) बोलपत्रदाता आफैले बेहोर्नु पर्नेछ ।

१९. सम्झौता अवधि भित्र जिन्सी मालसामानहरु उठाई लान कावु वाहिरको परिस्थिति परेमा सम्झौता अवधि सकिनु अगावै म्याद थपको लागी यस कार्यालयमा निवेदन पेश गर्नुपर्ने छ।

२०. सम्झौता अवधि भित्र पुराना जिन्सी मालसामानहरुलाई उठाई नलगेमा वा सम्झौताको सर्त बोलपत्रदाताले उल्लंघन गरेमा कार्यालयले बोलपत्रदाताको धरौटी रकम जफत गरि, सम्झौता अन्त्य गरिनेछ ।

२१. बोलपत्रदाताले सशर्त बोलपत्र पेश गर्न सक्ने छैन

२२.बोलपत्र सम्बन्धी शर्तहरु सम्झौताको अङ्ग हुनेछ ।

२३. कम्प्यूटरको हकमा हार्ड डिक्स बाहेक लिलाम बिक्री हुनेछ।

२४. बोलपत्रको भाषा लिलाम बिक्रीको लागी कार्यालय तथा बोलपत्रदाताले प्रयोग गर्ने कागजात तथा पत्राचार नेपाली भाषामा हुनेछ ।

२५. लिलाम बिक्रि गरिने जिन्सी मालसामानहरुको विवरणः-

| सि.नं. | सामानको विवरण | परिमाण |
|---|---|---|
| १. | स्क्यानर | १ |
| २. | 12भोल्ट 100AH/75AH AMPR ब्याट्री | ६ |
| ३. | 12 भोल्ट ब्याट्री चार्जर | १ |
| ४. | कपडा न्याक | १ |
| ५. | क्यानन प्रिन्टर | १ |
| ६. | कम्प्युटर सेट | १ |
| ७. | मेगाफोन | २ |
| ८. | युरोगार्ड | १ |
| ९. | पारदर्शी शिल्ड ढाला | २० |
| १०. | प्लाष्टिक लाठी | ३ |
| ११. | ह्याण्ड बडी सर्चर | १ |
| १२. | U.P.S. सेट | १ |